आज मिति २०७६ पौष ०४ गते यस वेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको वैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा वसि निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी
२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल
३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ
४. वडा अध्यक्ष श्री टंक बहादुर थापा
५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी
६. वडा अध्यक्ष श्री गुणराज उप्रेती
७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल
८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर
९. वडा अध्यक्ष श्री हिरालाल थपलिया
१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ
११. वडा अध्यक्ष श्री सुरेश मल्ल
१२. वडा अध्यक्ष श्री अम्वर वहादुर गुरुङ
१३. कार्यपालिका सदस्य श्री कमला राना मगर
१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर
१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती
१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी
१७. कार्यपालिका सदस्य राम बहादुर वराम
१८. प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत

देहार कुमार सदका - प्रशासकिय अधिकृत
सन्तोष अर्याल, लेखा प्राविधिक
परशुराम घिमिरे सूचना अधिकारी

निर्णय नं. १
यस बेनीघाट रोराङ गाउपालिका वडा नं. ३ स्थीत राजमार्ग सामुदायीक अस्पताललाई यस गाउपालिकाको मातहतमा सञ्चालन गर्ने र पृथ्वि राजमार्ग क्षेत्रमा वढी सवारी दुर्घटना हुने गरेको र ट्रमा सेन्टरको अभावले धेरै विरामीको अकालमै मृत्यु हुने गरको हुदा उक्त अस्पताललाई हाइवे ट्रमा सेन्टरको रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २
नेपाल सरकारवाट स्वास्थ्य सस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र निर्माणको लागि गत आ.व. मा अनुदान प्राप्त हुन आएकोमा विविध कारणले गत आ.व.मा भवन निर्माणको कार्य सुरु हुन नसक्नुका साथै तोकिएको नम्समा निर्माण गर्न समस्था परेको हुदा वडा नं. १ को जरुङमा वडा नं. ३ को सलाङघाटमा र वडा नं. ७ को चरौदीमा त्यहाको आवश्यताको आधारमा तोकिएको नम्समा आवश्यक परिवर्तन गरी उपभोक्ता समितिवाट कार्य गराउने र नपुग हुन आउने रकम आन्तरीक श्रोतवाट थप गर्न गाउसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३
गाउपालिकाको वडा नं. १, ८ र १० को वडा कार्यालय भवन निर्माणको लागि गाउसभावाट वजेट स्वीकृत भएकोमा स्वीकृत रकमवाट उपभोक्ता समितिवाट निर्माण गर्ने गरि सम्झौता गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरिया ।

निर्णय नं. ४
गाउपालिकाको माग अनुसार संघिय सरकार तथा प्रदेश सरकारवाट समपुरक अनुदान तथा विशेष अनुदान प्राप्त योजनाहरु सम्वन्धित कार्यविधि अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
वडा नं. ८, सास्कृतिक समुहलाई वाजा तथा ~~फर्निचर~~ पोशाक खरिदको लागि रु १०००००।- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६
विभिन्न सस्था तथा व्यक्तिहरुवाट विभिन्न कार्यक्रम सञ्चालनको लागि सहयोग माग भै आएकोमा निम्न सस्था तथा व्यक्तिहरुलाई निम्नानुसार सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

क. राष्ट्रिय तेक्वान्दो संघ नेपाल जिल्ला स्तरीय प्रतियोगिता सञ्चालन रु ३०,०००।-

ख. रामकृष्ण परियार वेनीघाट रोराङ ९, सिलाई मेशीन खरिद रु २५,०००।-

ग. उज्यालो युवा समाज वेनीघाट रोराङ, २ ताल्ती हरिवोधनी एकादशी वृहत सास्कृतिक कार्यक्रम रु ५०,०००।-

घ. अमृत कडेल स्मृति प्रतिष्ठान वेनीघाट रोराङ ३ विविध सास्कृतिक कार्यक्रम रु ५०,०००।-

ङ. कारु स्मृति प्रतिष्ठान, नारायण गोपाल स्मृति साझ रु ५०,०००।-

च. धान्य पूर्णिमा सास्कृतिक कार्यक्रम वेनीघाट रोराङ ६ रु ५०,०००।-

Scanned with CamScanner

छ. ताल्ती सिमटार सडकमा पहिरोको कारण यातायात अवरुद्ध भएकोले विपद कोषवाट भुक्तानी हुने गरी रु ५०००००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**
केन्दीय कृषि प्रयोगशालाको भकारो सुधार कार्यक्रममा प्राप्त रकम रु ३०००००।- शशर्त अनुदानवाट वडा नं. २, ३, ७ र ९ मा प्रत्येक वडावाट ३/३ घर परिवार छनौट गरी प्रति घर परिवार रु २५०००।-का दरले भकारो सुधार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**
शंखादेवी मा.वि. वेनीघाट रोराङ ९ विद्यार्थी भ्रमण सहयोग स्वरुप रु ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**
प्रहरी चौकी जोगिमाराको सवारी साधन मर्मत सम्भारको लागि सामुदाय प्रहरी साझेदारी कार्यक्रमवाट खर्च हुने गरी रु १२५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**
२८५६ औ सोनाम ल्होसार कार्यक्रम सञ्चालनको लागि नेपाल तामाङ घेदुङ जिल्ला कार्य समिति धादिङलाई आदिवासी जनजाती शशक्तिकरण तथा क्षमता विकास कार्यक्रममा स्वीकृत रकमवाट कट्टा हुने गरी रु १०००००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**
मगर समुदायको सास्कृतिक राष्ट्रिय पर्व माघेसक्रान्तिको अवसरमा सक्रान्ती कार्यक्रमको लागि नेपाल मगर संघलाई आदिवासी जनजाती शशक्तिकरण कार्यक्रममा स्वीकृत रकमवाट कट्टा हुने गरी रु ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**
जेष्ठ नागरिक सम्मान कार्यक्रम शिर्षकमा स्वीकृत रकमवाट सिरक खरिद गरी जेष्ठ नागरिक समाज वेनीघाट रोराङ संगको सहकार्यमा गाउपालिकाका विपन्न जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने साथै कार्यक्रम व्यवस्थापनको जिम्मेवारी जेष्ठ नागरिक समाज वेनीघाट रोराङलाई दिने र व्यवस्थापनमा भएको खर्च समाजलाई सोधभर्ना दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १३

यस गाउपालिकाको निम्न योजना आ.व. २०७७/०७८ मा नेपाल सरकारको समपुरक अनुदानवाट सञ्चालनको लागि अनुरोध गर्ने र कुल लागतको ५० प्रतिशत यस गाउपालिकावाट विनियोजन गर्ने निर्णय गरियो ।

| योजनाको नाम | ठेगाना | लागत अनुमान |
|---|---|---|
| १. हुग्दीखोला खोरभञ्ज्याङ सडक निर्माण | वेनीघाट रोराङ १० | ६,१७,०६,६१२।०१ |
| २. सहिद स्मृति पार्क | वेनीघाट रोराङ १० | ४,१७,५०,११५।५७ |

निर्णय नं. १४

यस गाउपालिकाको निम्न योजना आ.व. २०७७/०७८ मा नेपाल सरकारको विशेष अनुदानवाट सञ्चालनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

| योजनाको नाम | ठेगाना | लागत अनुमान |
|---|---|---|
| १. नौहक गुफा व्यवस्थापन तथा पूर्वाधार निर्माण | वेनीघाट रोराङ ८ | ३,०३,२८,१३०।४४ |
| २. चन्द्रोदय बहुमुखी क्याम्पस व्यवस्थापन तथा पूर्वाधार निर्माण | वेनीघाट रोराङ ३ | १,०२,९४,९५०।३३ |
| ३. जयपुरी जोगिमारा सिंचाई | वेनीघाट रोराङ १० | १,०४,९५,६२१।९८ |

निर्णय नं. १५

वेनीघाट रोराङ वडा नं. ९ मा पर्ने ज्यामिरेघाट फचिमटार सडक गाउपालिकाको समेत लागत सहभागितामा स्तरोन्नतीको लागि सडक वोर्ड नेपाल समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

नेपाल सरकारवाट शशर्त अनुदान तर्फ प्राप्त विद्यालय क्षेत्र विकास कार्यक्रमको विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान वापतको रकम रु १५०,०००००।- एक करोड पचास लाख मात्र श्री चन्द्रोदय माध्यमिक विद्यालय, विशालटारवाट पेश हुन आएको कार्ययोजना स्वीकृत गरी उक्त विद्यालयलाई निकाशा दिने निर्णय गरियो ।

निर्णय नं. १७

निम्न योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक भएको हुदा उक्त योजना तथा कार्यक्रम सन्चलनको लागि उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रममा अनुरोध गर्ने निर्णय गरियो ।

क. ताल्ली, जरुङ सडक निर्माण योजना वेनीघाट रोराङ १

ख. जोगिमारा जयपुरी सिञ्चाई आयोजना वेनीघाट रोराङ १०

ग. जरुङ सिमटार आ.वि. छात्रवास भवन निर्माण वेनीघाट रोराङ १

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner